# हाछेथुको नेतृत्वमा उज्यालिँदै ललितपुर नगर प्रहरी

■ सौर्य समाचार

काठमाडौं । ललितपुर महानगरपालिकामा पछिल्लो समय फुटपाथ खाली गराउने अभियान सञ्चालन भएको छ । कोरोना महामारीका कारण कतिपयले सार्वजनिक सवारी साधन प्रयोग गर्न असहज महसुस गर्दै दुई/चार किलोमिटरको दुरीसम्म पैदल यात्रालाई नै प्राथमिकता दिन थालेपछि महानगरपालिकाले फुटपाथलाई खाली गराउन थालेको हो ।

ललितपुर महानगर अन्तर्गतको नगर प्रहरीले पैदलयात्रुलाई हिँड्न सजिलो होस् र यात्राका क्रममा समेत भौतिक दूरी कायम राख्न सहज होस् भनेर फुटपाथलाई खाली गराउने अभियान सञ्चालन गरेको छ ।खासगरी अवकाशप्राप्त प्रहरी निरीक्षक सीताराम हाछेथुले नगर प्रहरी प्रमुखको जिम्मेवारी सम्हालेपछि नगर क्षेत्रभित्र पैदलयात्रीलाई सहज होस् भन्ने उद्देश्यले फुटपाथ 'क्लियर' गराउने अभियान अघि सारेका हुन् ।

प्रहरी सेवामा रहँदा लामो समय ट्राफिक व्यवस्थापनको जिम्मेवारी सम्हालेर प्रशंसनीय कामसमेत गरेका हाछेथुले ललितपुर महानगरभित्र फुटपाथ अतिक्रमण गरी राखिएका व्यापारिक सामान हटाउन लगाउने, नियमविपरीतका होर्डिङ बोर्ड हटाउनेजस्ता काम सुरु गरेका छन् ।

जिम्मेवारी सम्हालेको छोटो समयमै उनले कुपण्डोलदेखि कुमारीपाटीसम्मको फुटपाथलाई क्लियर बनाएका छन् । उक्त सडकखण्डको फुटपाथ हाल अतिक्रमण मुक्त भएको छ । वडा कार्यालयहरुको समन्वयका आधारमा क्रमश: विभिन्न क्षेत्रमा यो अभियानलाई विस्तार गर्दै लैजाने योजना बनाएका हाछेथुले नगरपालिकाका जनप्रतिनिधिहरुले निर्वाचनमा नगरबासीसामु गरेको बाचाअनुसार नै नीति-नियमभित्र रहेर नगर क्षेत्रलाई सफा, व्यवस्थित र अनुशासित बनाउने दिशामा भूमिका निर्वाह गर्ने तयारी थालेका छन् ।

नगर प्रहरी भन्नासाथ साइकलमा फलफूल तथा तरकारी बेच्ने व्यापारीको सामान खोस्ने, फुटपाथतिर नाङ्लोमा पसल थाप्नेहरुको सामान जफत गर्ने, तिनीहरुलाई लखेट्ने भन्नेजस्तो दृष्य जो कोहीको मस्तिष्कमा आउँछ ।

ललितपुर नगर प्रहरीले भने त्योभन्दा पृथक पहिचान बनाउने कोसिस गरेको छ । रौतहटबाट आएर विगत ६ वर्षदेखि जावलाखेल आसपास साइकलमा राखेर फलफूल बेच्दै आएका बेचन साहले केही दिन यता, दैनिकजसो आफूलाई नगरप्रहरीले मुख्य चोक तथा सडकमा बसेर यसरी बेच्न पाइँदैन भनेर सम्झाइ-बुझाई गर्दै आएको बताउँछन् ।

'उहाँहरु आएर हालखबर सोध्नुहुन्छ अनि आफ्ना कुराहरु राख्नुहुन्छ,' उनले भने, 'उहाँहरुको कुरा पनि ठिकै हो, सधैँ अटेर गरेर बस्ने कुरा हुँदैन, विकल्प सोच्दैछु ।'

नगर प्रहरीको व्यवहार देखेर नै आफूलाई यसरी धेरै दिन अटेर गर्नु ठिक होइन भन्ने लागेको उनको भनाइ छ । 'उहाँहरुको ठाउँमा म नै भएको भए मैले यतिदिन मौका दिन्नथेँ होला,' उनले भने, 'नगर प्रहरी आउनासाथ भागाभाग हुन्थ्यो, सामान खोसेर लैजाने, फाल्ने गर्छ भन्थे तर अहिलेसम्म उहाँहरुले त्यस्तो गर्नुभएको छैन ।'

नगर प्रहरी प्रमुख हाछेथु ललितपुर नगर प्रहरीलाई अनुशासित, मर्यादित र जिम्मेवार संगठनका रुपमा स्थापित गर्दै महानगरपालिकाले तोकेको जिम्मेवारी पूरा गर्न आफूले सक्दो पहल गर्ने बताउँछन् ।

नगर प्रहरी भनेको कसैको रोजीरोटीको दुश्मन वा कसैको शत्रु नभएर नगर क्षेत्रको सुरक्षा अंगमात्र हो भन्ने सन्देश दिने गरी आफ्नो कार्यशैलीलाई निर्धारण गरिने उनको भनाइ छ । राम्रो बोली-व्यवहारबाट सुधार सम्भव हुन्छ भन्ने सन्देश ललितपुर नगर प्रहरीले प्रवाह गर्ने उनले बताए ।

'नगर प्रहरी भनेको स्थानीय सरकारको मेरुदण्डजस्तै हो,' उनले भने, 'नगर क्षेत्रमा रहेका सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने, नगर क्षेत्रलाई स्वच्छ र सभ्य तुल्याउने, फुटपाथमा गरिएका अतिक्रमण हटाउने जस्ता काममार्फत नगरकै सभ्यता बढाउने भूमिका नगर प्रहरीको हुन्छ ।'

जिम्मेवारी सम्हालेको केही सातामात्र भएका कारण पनि आफूले हाल नगरभित्र सुधारका लागि चाल्नुपर्ने कदमबारे अध्ययन र योजना तर्जुमा गरिरहेको जनाउँदै हाछेथुले विस्तारै परिणामहरु आउन थाल्ने बताए ।

नगर क्षेत्रभित्र सडकमा निर्माण सामग्री राख्न नदिने, सडकमै राख्नुपर्ने अवस्था भएका क्षेत्रका हकमा रातिमात्र काम गर्ने गरी सशर्त राख्न दिने योजनाका साथ हाल जनचेतना जगाउन थालिएको उनको भनाइ छ ।


**Pancheshwor Rural Municipality**
**Office of Rural Municipal Executive**
**Aamchaura, Baitadi**

**INVITATION FOR SEALED QUOTATION**

**Date of Publication: 2077/06/16 (2nd October 2020)**

1. Pancheshwor Rural Municipality, Office of Rural Municipal Executive, Aamchaura, Baitadi invites Sealed Quotation form eligible suppliers for supply and delivery of following goods under National Competitive Bidding procedure.

| SN | Sealed Quotation No. | Name of Work | Estimated Cost | Bid Security | Number of items |
|---|---|---|---|---|---|
| 1 | 2-2077/078 | Supply and Delivery of office supplies | NRs. 1350000 | NRs. 40500 | 60 |
| 2 | 3-2077/078 | Supply and Delivery of Desktop Computer,Printer ,Scanner and 4G Wirless Dongle for strengthening VER and SP system of Ward Office | NRs. 630000 | NRs.18900 | 4 items for each wards( 6 wards) |

2. Deadline for Bid Submission and Opening Details:

| Submission of Bid | | Opening of Bid | | Revenue A/C No for Bid Document Fee | 7601017500164 |
|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Deposit A/C No for Bid Security Amount | 7601017500005 |
| 2077/06/30 | 12:00 Noon | 2077/07/1 | 14:00 PM | Bank Name and Address | Nabil Bank, Pancheshwor Branch, Kulau, Baitadi |
| | | | | Office Name (A/C Name) | Pancheshwor Rural Municipality, Office of Rural Municipal Executive, Aamchaura, Baitadi |

3. *Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Pancheshwor Rural Municipality Office Aamchaura, Baitadi*
4. *A complete set of Bidding Documents may be purchased from the **Pancheshwor Rural Municipality** office or through e-mail by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **NRs. 1000.0** cash or deposit slip of same amount in above mentioned account details.*
5. *Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.*
6. *If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.*
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
8. For more details visit our office website *www.pancheshwormun.gov.np* or e-mail at *ito.pancheshwormun@gmail.com.*

***Chief Administrative Officer***


## १०:१९ बजे...

छ । ८ कात्तिक शनिवार महाअष्टमी पर्व मनाइन्छ । यस दिन बलि दिनेले बलिसहित देवीको पूजा आराधना गर्छन् । बेलुकी कालरात्रि मनाइन्छ । ९ कात्तिक आइतबार महानवमी पर्व पनि शक्तिपीठमा पूजा आराधना गरी मनाइन्छ । यसदिन वसन्तपुरको कोतमा राज्यका तर्फबाट बलिसहित पूजा आराधना हुन्छ ।

दसैँको मुख्य दिन १० कात्तिक सोमबार विजयादशमी पर्व परेको छ । यस दिन बिहान नौ रात १० दिन पूजा गरिएको स्थलमा देवी विसर्जनका लागि बिहान १०:११ बजेको साइत शुभ रहेको समितिका अध्यक्ष गौतमले बताए । विजयादशमीमा साइत नै खोजेर टीका लगाउनेका लागि भने बिहान १०:१९ बजेको साइत उत्तम छ ।

विजयादशमीका दिन घटस्थापना गरिएको घडाको जलले अभिषेक गरी मान्यजनबाट जमरासहित देवीको प्रसाद लगाइन्छ । सामान्य मानिसले भने विजयादशमीका दिन दिनभर टीका ग्रहण गर्न कुनै बाधा नरहेको समितिको निर्णय छ । देशका धेरै स्थानमा विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म मान्यजनबाट टीकासहित आशीर्वाद लिइने परम्परा छ ।

टीकाकै दिन बिहान ८:४७ बजे तुलजा भवानीको यात्रा गराउने साइत जुरेको छ । तुलजा भवानीलाई स्थिर आसनमा राख्ने साइत भने बिहान ९:४९ बजेको छ । खड्गयात्रासमेत यसैदिन गरिन्छ । १४ कात्तिक शुक्रबार विधिपूर्वक गरिने सबै वलि पूर्तिको कर्म गर्नुपर्छ । कोजाग्रत पूर्णिमा पनि १४ कात्तिक शुक्रवारकै दिन परेको छ । त्यसदिन रातभर जाग्राम बसी धनधान्यकी देवी महालक्ष्मीको विशेष पूजा आराधना गरिन्छ । महालक्ष्मीको विशेष आराधना गर्ने भक्तजनले कोजाग्रत पूर्णिमाको व्रत वस्ने गर्छन् ।

चान्द्रमासअनुसार प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म १५ दिन मनाइने दुर्गा पक्ष अर्थात् बडादसैँ पर्व यसवर्ष अधिकमास अर्थात् मलमासका कारण १ कात्तिकदेखि सुरु हुँदैछ । मलमासका कारण यस वर्षका अब आउने सबै चाडपर्व केही ढिला भएका छन् ।

## मुख्यसचिव...

असोजमा सचिव नियुक्त भएका थिए ।

उनले संयुक्त राष्ट्र संघ, न्यूयोर्क (नोभेम्वर २००९-फेब्रुअरी २०१२) मा नेपालको उपस्थायी प्रतिनिधिको रूपमा काम गरेका थिए । त्यसपछि फेब्रुअरी २०१२ देखि नोभेम्बर २०१३ सम्म सयुक्त राष्ट्र संघ, विश्व व्यापार संगठनको स्थायी प्रतिनिधि भएका थिए । मुख्यसचिव वैरागीको कार्यकाल अब २०८० असोज २१ गतेसम्म रहनेछ ।

## नियुक्तिले...

बेलायतको राजदूतमा नियुक्तिका लागि सिफारिस गरिएको सरकारका प्रवक्तासमेत रहेका परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले जानकारी दिए । प्रवक्ता ज्ञवालीका अनुसार खतिवडालाई पनामा, कोष्टारिका, मेक्सिको, अलसाल्भाडोर, होण्डुरस र ग्वान्टेमालाका लागि गैरआवसीय नेपाल राजदूतको पनि जिम्मेवारी दिएको बताए । रेग्मीलाई भने आयरल्यान्ड र माल्टाका लागि आवासीय राजदूत बनाइएको छ ।

यसैगरी सरकारले डा.निर्मल विश्वकर्मालाई दक्षिण अफ्रिकाका लागि आवसीय राजदूतमा र थप ११ अफ्रिकी देशको गैरआवसीय राजदूतमा सिफारिस गरेको छ । तीनै जना राजदूतको संसदीय सुनुवाईपछि राष्ट्रपतिले नियुक्त गर्ने संवैधानिक प्रावधान रहेको छ ।



**आब्हान बहुउद्देश्यीय सहकारी संस्था लि.**
**चाबहिल ,चुच्चेपाटी, काठमाण्डौ,फोन नं ४४७२४०८**

**ऋणी सदस्यहरूलाई ऋण तिर्न आउने बारे १५ दिने सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७६ भाद्र ०४ गते) ( सौयै राष्ट्रिय दैनिक)**
**दोस्रो पटक प्रकाशित मिति : २०७७ आश्विन १६ गते) (सौर्य राष्ट्रिय दैनिक)**

यस संस्थाबाट व्यवसाय कर्जा शीर्षकअन्तर्गत कर्जा लिई कारोबार गर्ने तपसिलमा उल्लिखित ऋणी सदस्यले लिनुभएको ऋणबापत संस्थालाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, हर्जना, व्याज एवं अन्य दै-दस्तुर आदि समेतको रकम भाखाभित्र नतिरी नवुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरूको उल्लघन गर्नुभएको र सो सम्बन्धमा बारम्बार तर-ताकेता तथा व्यक्तिगत सम्पर्क राखी कर्जा तिर्न बुझाउन अनुरोध गरिएकोमा समेत उक्त कर्जा तिर्ने बुझाउनेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी कुनै पहल नगर्नुभएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थालाई तिर्नु बुझाउनुपर्ने सम्पूर्ण साँवा,हर्जना,व्याज तथा अन्य दै-दस्तुर आदि रकम वुझाई ऋण रकम चुक्ता गर्नुहोला । अन्यथा तपाँई तथा जमानी सदस्यहरूले यस संस्थालाई धितो लेखिदिई रोक्का राखिएको अंचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली, २०७५, संस्थाको विनियम तथा प्रचलित कानुनबमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुलउपर गरिनेछ । साथै उक्त लिलामी कारवाहीवाट संस्थाको लेना रकम असुलउपर नभएमा तपाँई ऋणी सदस्य स्वयं तथा जमानी दिने व्यक्तिहरूको अन्य चल-अचल सम्पत्तिबाट कानुनबमोजिम कर्जा असुलउपर गरिनेछ । यस सम्वन्धमा थप जानकारी लिन चाहेमा यस संस्थाको कार्यालयमा सम्पर्क राख्नुहुनसमेत यसै सूचनावमोजिम जानकारी गराइन्छ । साथै तपाँई जमानी दिने व्यक्ति तथा सदस्यहरूले समेत यसै सूचनालाई आधार मानी उपरोक्तबमोजिम तिर्नु बुझाउनुपर्ने सम्पूर्ण ऋण रकम चुक्ता भुक्तान गर्नु गराउनुहुनसमेत यो सूचित गरिएको छ ।

**तपशिल**

| सि. न. | ऋणीको तीनपुस्ते, नाम र ठेगाना | जमानी दिनेको तीनपुस्ते, नाम र ठेगाना | धितोको विवरण |
|---|---|---|---|
| १. | <br>**नाम : भरत थापा**<br>बुबा : दिल बहादुर थापा<br>वाजे : बल बहादुर थापा<br>ठेगाना : इचोक ५ सिन्धुपाल्चोक<br>हाल का.म.न.पा ६ काठमाण्डौ इजाजत प्राप्त नं. १२२९ सिरुवा कन्स्टन्सन कम्पनी प्रा.लि. दर्ता मिति २०४५/०३/१७ ललितपुर उ.प.न.पा. वडा नं. ०१ (ना.प्र.प.न-१३९/१०१४०४ सिन्धुपाल्चोक) | <br>**नाम : नरेन्द्र कोइराला**<br>बुवा : ओम प्रसाद कोइराला<br>वाजे : पुष्पलाल कोइराला<br>ठेगाना : ओखलढुङ्गा जिल्ला सेना वडा नं. ०३<br>ना.प्र.नं. : ४४/४५/४५ ओखलढुङ्गा)<br>**नाम : दिनेश पौडेल** <br>बुवा : त्रैलोक्य चन्द्र पौडेल<br>बाजे : सोम प्रसाद पौडेल<br>ना.प्र.नं.३२ रामेछाप) | जिल्ला काठमाण्डौ गोठाटार वडा नं ०९ को किता नं. १०९ क्षेत्रफल<br>०-०-०-०-<br>१२०/०० |
| २. | <br>**नाम : प्रविना डंगोल**<br>पति : श्रीकृष्ण डंगोल<br>वाजे : कालु डंगोल<br>ठेगाना : गोकर्णेश्वर वडा नं. ०२ काठमाण्डौ<br>(ना.प्र.प.न-४८८१/१२०४१ काठमाण्डौ | <br>**नाम : श्री कृष्ण डंगोल**<br>बुवा : कालु डंगोल<br>वाजे : खोसिंह डंगोल<br>ठेगाना : गोकर्णेश्वर वडा नं.०२<br>ना.प्र.नं. : ९२४५/२६८३/२१४४३ काठमाण्डौ) | काठमाण्डौ जिल्ला पुकुलाछी वडा नं. ०७ किता नं. ५९३ क्षेत्रफल<br>१-५-१-०<br>६५७/६७ |
| ३. | <br>**नाम :- श्री कृष्ण डंगोल**<br>बुवा : कालु डंगोल<br>वाजे : खोसिंह डंगोल<br>ठेगाना : गोकर्णेश्वर वडा नं.०२<br>ना.प्र.नं. : ९२४५/२६८३/२१४४३ काठमाण्डौ) | <br>**नाम : प्रविना डंगोल**<br>पति : श्रीकृष्ण डंगोल<br>वाजे- कालु डंगोल<br>ठेगाना-गोकर्णेश्वर वडा नं. ०२ काठमाण्डौ<br>(ना.प्र.प.न-४८८१/१२०४१ काठमाण्डौ ) | काठमाण्डौ जिल्ला जोरपाटी वडा नं. ०७ कि. नं. ४४८ क्षेत्रफल<br>०-०-०-०<br>३३६/४० |
| ४. | <br>**नाम : टासी शेर्पा**<br>बुबा : छिरिङ्ग शेपा<br>बाजे : नुर्पु शेर्पा<br>ठेगाना : बरुवा ०२ सिन्धुपाल्चोक हाल का.म.न.पा., गोकर्णेश्वर ०५ (ना.प्र.प.न. २५५०७/११०७८ सिन्धुपाल्चोक) | | सिन्धुपाल्चोक जिल्ला बासखर्क वडा नं. ०९ किता नं. ६४९, ६५२, ६६६, क्षेत्रफल<br>६-१-२-०<br>३१००/१३<br>०-५-१-२<br>१७०/९०<br>३-८-२-२<br>१८००/४६<br>सिन्धुपाल्चोक जिल्ला बरुवा वडा नं. ०२ कि.नं. १९६<br>३-१३-२-२<br>१९५९/४४ |

**आब्हान बहुउदेश्यीय सहकारी संस्था लि.**
Aawhan Multipurpose co- operative Ltd.
**चुच्चेपाटी, चावहिल, काठमाण्डौ, फोन नं.०१-४४७२४०८, ४४८५५५६, फ्याक्स नं.०१-४४७२४०८**